नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १९४ २०८२ साल फागुन २१ गते बिहीबार (5 Mar2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : अन्तरराष्ट्रिय महिला दिवस ... ३ पृष्ठमा : अन्तरजातीय विवाहको ... ३ पृष्ठमा : मानवहितमा एआई प्रयोग ...

# चार सिटका लागि १ सय २ जनाबीच प्रतिष्पर्धा

**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

फागुन २१ गते बिहीबार हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सप्तरीमा आवश्यक सम्पूर्ण तयारी पुरा भएको छ । निर्वाचनमा ४ सदस्यका लागि १ सय २ जना उम्मेदवार प्रतिष्पर्धामा छन् ।




प्रतिनिधिसभा निर्वाचनका लागि जिल्लाभर २ सय ९६ मतदान स्थल कायम गरिएको छ । जिल्ला निर्वाचन कार्यालय सप्तरीका अनुसार चारवटै निर्वाचन क्षेत्रमा गरी २ सय ९६ मतदान स्थल र ५ सय ६२ मतदान केन्द्र तोकिएको हो ।

निर्वाचन क्षेत्र नं. १ मा ८० मतदान स्थल र १ सय ५२ मतदान केन्द्र कायम गरिएको छ । यस्तै निर्वाचन क्षेत्र नं. २ मा ६८ मतदान स्थल र १ सय ३० मतदान केन्द्र, निर्वाचन क्षेत्र नं. ३ मा ७४ मतदान स्थल र १ सय ४४ मतदान केन्द्र तथा निर्वाचन क्षेत्र नं. ४ मा पनि ७४ मतदान स्थल र १ सय ३६ मतदान केन्द्र निर्धारण गरिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले जानकारी दिए ।

जिल्लामा कुल ४ लाख ४६ हजार ४ सय २ मतदाता रहेको उक्त कार्यालयले जनाएको छ । ती मध्ये पुरुष मतदाता २ लाख ३३ हजार ९६, महिला मतदाता २ लाख १३ हजार २ सय ८३ तथा अन्य २३ जना रहेका छन् ।

मतदाताको सहज सहभागिता सुनिश्चित गर्न मतदान स्थल तथा केन्द्रको व्यवस्थापन प्रभावकारी बनाइएको जोशीले बताए ।

# पर्सामा शङ्कास्पद वस्तुसहित उम्मेदवार पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, २० फागुन ।**

पर्सा प्रहरीले शङ्कास्पद वस्तुसहित पर्साको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ का उम्मेदवार मनोजकुमार चौधरीसहित चार जनालाई पक्राउ गरेको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त जाँच टोलीले पर्साको हरपुरबाट बडनिहारतर्फ आउँदै गरेको बा१०च १२५० नम्बरको गाडीमाथि जाँच गर्दा गाडीको पछाडि डिक्कीभित्र पहेँलो टेपले बेरिएको टिनको बक्साभित्र शङ्कास्पद वस्तु फेला पारेर अनुसन्धान भइरहेको जनाएको छ ।

पर्साका प्रहरी प्रमुख सुदीपराज पाठकले शङ्कास्पद वस्तुसहित पक्राउ गरेका चारै जनामाथि अनुसन्धान भइरहेको जानकारी दिए । पक्राउ पर्नेमा ४६ वर्षीय उम्मेदवार चौधरी, बाराको प्रसौनी गाउँपालिका-४ का सहाब आलम अन्सारी, धनुषाको धनुषाधाम नगरपालिका-४ का सुरज कार्की, पर्सागढी नगरपालिका-३ का सत्यनारायण थारू रहेका छन् ।

त्यसैगरी, वीरगन्ज महानगर-१६ स्थित इनर्वागाउँस्थित विशेष सूचनाका आधारमा निर्वाचन लक्षित एकीकृत सुरक्षाकर्मीको संयुक्त टोलीले नौ थान सुतली बमसहित सुँगुरको टाउको एक थान र वाइरिङ तार १० मिटरसहित तीन जना व्यक्तिलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

पर्सा प्रहरीका सूचना अधिकारी हरिबहादुर बस्नेतले पक्राउ परेका व्यक्तिउपर विस्फोटक पदार्थसम्बन्धी कसुर, सार्वजनिक शान्तिविरुद्धको कसुर र निर्वाचनसम्बन्धी कसुरमा थप अनुसनधान भइरहेको जानकारी दिए ।

# मौन अवधिमा नगदसहित पक्राउ परेका जसपा उम्मेदवार यादव छुटे

**दैनिक समाचारदाता**
**सिरहा, २० फागुन ।**

गैरकानुनी गतिविधि गरेको आरोपमा जनता समाजवादी पार्टी (जसपा) नेपाल सिरहा क्षेत्र नं ३ का उम्मेदवार अशेश्वर यादवसहित पक्राउ परेका पाँचजना तीन दिनभित्र लिखित स्पष्टीकरण बुझाउने सर्तमा रिहा भएका छन् ।

यादवलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयले फागुन २२ गते भित्र स्पष्टीकरण बुझाउन निर्देशन दिएको छ । सहायक निर्वाचन अधिकृत भेषराज भट्टराईका अनुसार प्रहरीले बरामद गरी बुझाएको नगद तथा कागजात अध्ययनपछि लिखित स्पष्टीकरण माग गर्ने निर्णय गरिएको हो । "मौन अवधिमा यति ठूलो रकम किन, कहाँबाट र के प्रयोजनका लागि बोकेको भन्ने विषयमा स्पष्टीकरण सोधिएको छ," उनले भने, "स्पष्टीकरण प्राप्त भएपछि थप निर्णय गरिनेछ । आवश्यकता परे निर्वाचन कसुर तथा सजायसम्बन्धी ऐनबमोजिम कानुनी कारबाहीका लागि प्रहरीले अनुसन्धान अघि बढाउनेछ ।"

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक वासुदेव पाठकले आयोगले स्पष्टीकरण सोधिसकेको सन्दर्भमा तत्काल प्रहरीले थप कारबाही नगर्ने तर आयोगको निर्णयपछि अनुसन्धान प्रक्रिया अघि

***बाँकी अन्तिम पृष्ठमा***

# दुर्घटनामा बाबु छोरीसहित सात जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २० फागुन ।**

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ६ महुली बजारमा स्कुटर र मोटरसाइकल ठोक्किँदा बाबु छोरीको मृत्यु भएको छ ।

दुर्घटनामा स्कुटर चालक अग्निसाइर कृष्णासवरण गाउँपालिका १ बस्ने ४० वर्षीय श्याम देव चौधरी र स्कुटरमा सवार उनकी आठ वर्षीया छोरी कृतिकाकुमारी चौधरीको मृत्यु भएको हो ।

यता देशका विभिन्न भागमा बितेका २४ घण्टामा भएका सवारी दुर्घटनामा सात जनाको मृत्यु भएको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार सप्तरीसहित सर्लाही, कास्की, दाङ, कञ्चनपुर र सिन्धुलीमा भएका दुर्घटनामा उनीहरूको मृत्यु भएको हो ।

सर्लाहीको हरिपुर नगरपालिका-८ जगतपुरस्थित सडकमा ट्याक्टरलाई मोटरसाइकलले ठक्कर दिँदा मोटरसाइकल चालक लालबन्दी नगरपालिका-२ पुनर्वास टोलका २६ वर्षीय साहिल पासवानको मृत्यु भएको हो ।

यसैगरी, पोखरा महानगरपालिका-१० औद्योगिक

***बाँकी दुई पृष्ठमा***

# ६ मध्ये एउटा कागजातको सक्कलप्रतिले मतदान गर्न पाइने

काठमाडौं, २० फागुन (रासस) ।

बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न मतदाता परिचयपत्र वा त्यसको विकल्पमा अन्य पाँच प्रकारका कागजातका आधारमा मतदान केन्द्र प्रवेश गर्न सकिने निर्वाचन आयोगले स्पष्ट पारेको छ ।

मतदाता परिचयपत्रको सक्कलप्रति नभएमा नेपाली नागरिकता, नागरिकता नभएमा सवारी चालक अनुमतिपत्र, चालक अनुमतिपत्र नभएमा राहदानी, राहदानी नभएमा राष्ट्रिय परिचयपत्र, राष्ट्रिय परिचयपत्र पनि नभएमा जग्गा धनी प्रमाण पुर्जाको सक्कलप्रति बोकेर मतदान केन्द्र जान सकिने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । आयोगले तोकेका छ प्रकारका कागजातमध्ये कुनै एक अनिवार्य लिएर मतदान केन्द्र गएमा मतदान गर्न सकिने उहाँले स्पष्ट पार्नुभयो ।

बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र छन् भने १४३ अस्थायी मतदानस्थल छन् । ती केन्द्रमा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाताले मतदान गर्ने आयोगले जनाएको छ ।

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा सहभागी बनौं।

❖प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ फागुन २१ गते बिहिबार हुँदैछ।
❖मतदान विहान ७:०० देखि साँझ ५:०० बजेसम्म हुनेछ।
❖निर्वाचनमा सहभागी भई आफ्नो अमूल्य मतको प्रयोग गरौं ।
❖निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित बनाउन सबै पक्षबाट सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अन्तरराष्ट्रिय महिला दिवस : नेपालको आँखा स्वास्थ्यमा महिलाको पहुँच

**सविता केसी**
काठमाडौं, २० फागुन (रासस)।

अन्तरराष्ट्रिय महिलादिवस महिला अधिकार, समानता र सशक्तीकरणको उत्सव मात्र नभई समाज रूपान्तरणमा महिलाको योगदानको सम्मान गर्ने विशेष अवसर पनि हो।

नेपालको आँखा स्वास्थ्य क्षेत्रमा पनि महिलाहरूले चिकित्सक, नर्स, नेत्र सहायक, स्वास्थ्य स्वयंसेविका, व्यवस्थापक तथा नेतृत्वदायी भूमिकामा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन्। दुर्गम गाउँदेखि सुविधासम्पन्न सहरसम्म, आँखा स्वास्थ्य सेवाको पहुँच विस्तार, अन्धोपन न्यूनीकरण र समुदायमा सचेतना अभिवृद्धि गर्न महिलाहरू अग्रपङ्क्तिमा सक्रिय देखिन्छन्।

तर, सेवाप्रदायकको रूपमा मात्र होइन, सेवाग्राहीको रूपमा पनि महिलाहरू विशेष ध्यानको पात्र छन्। सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणले महिलाहरू समयमै उपचारबाट वञ्चित हुने जोखिममा रहन्छन्। यस सन्दर्भमा लैङ्गिक समावेशी नीति, महिला-मैत्री सेवा वातावरण र नेतृत्व तहमा महिलाको सशक्त उपस्थिति अत्यन्त आवश्यक छ। अन्तरराष्ट्रिय महिला दिवसको अवसरले नेपालको आँखा स्वास्थ्य क्षेत्रमा महिलाको योगदानलाई सम्मान गर्दै समान पहुँच र अवसर सुनिश्चित गर्ने प्रतिबद्धता पुनःस्मरण गराउने सन्देश दिन्छ।

नेपालमा अन्धोपन न्यूनीकरण र गुणस्तरीय आँखा स्वास्थ्य सेवा विस्तारमा नेपाल नेत्रज्योति सङ्घको भूमिका ऐतिहासिक र अग्रणी रहँदै आएको छ। सङ्घले सञ्चालन गर्दै आएका आँखा अस्पताल, उपचार केन्द्र, समुदाय-आधारित कार्यक्रम तथा जनचेतनामूलक अभियानहरूमा महिलाहरूको सहभागिता उल्लेखनीय छ।

चिकित्सक, विभिन्न स्वास्थ्यकर्मी, नेत्र सहायकदेखि व्यवस्थापन तहसम्म महिलाहरूले नेतृत्वदायी जिम्मेवारी सम्हाल्दै संस्थालाई दिगो र परिणाममुखी दिशामा अघि बढाइरहेका छन्। यसले संस्थागत विकाससँगै महिला सशक्तीकरणको सन्देश पनि सुदृढ बनाएको छ।

त्यसैगरी, सङ्घले समुदायमा महिला स्वयंसेविका र स्थानीय आमा समूहहरूसँग सहकार्य गर्दै आँखा परीक्षण शिविर, विद्यालय आँखा स्वास्थ्य कार्यक्रम तथा महिला-केन्द्रित सचेतना अभियान सञ्चालन गर्दै आएको छ। ग्रामीण तथा विपन्न वर्गका महिलालाई समयमै पहिचान र उपचारमा जोड्दै सेवा पहुँच बढाउने प्रयास सङ्घको प्राथमिकतामा रहेको छ। अन्तरराष्ट्रिय महिलादिवसका सन्दर्भमा, नेपाल नेत्रज्योति सङ्घले आँखा स्वास्थ्य क्षेत्रमा महिलाको नेतृत्व, सहभागिता र समान अवसरलाई थप सुदृढ बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रमलाई अगाडि बढाएको छ।

नेपालमा विगत केही दशकमा अन्धोपनको दर उल्लेखनीय रूपमा घट्नुमा सरकारी तथा गैरसरकारी क्षेत्रको संयुक्त प्रयास महत्वपूर्ण रहेको छ। सन् १९८१ मा ०.८४ प्रतिशत रहेको नेपालको अन्धोपनको समस्या सन् २०२१ सम्ममा घटेर ०.२८ प्रतिशतमा झरेको छ। विशेष गरी समुदायमा आधारित आँखा स्वास्थ्य कार्यक्रम, समयमै मोतियाविन्दु शल्यक्रिया, विद्यालय आँखा परीक्षण तथा जनचेतना अभिवृद्धिका कारण अन्धोपन न्यूनीकरणमा सकारात्मक प्रगति भएको छ। यस अभियानमा महिलाहरूको सक्रिय सहभागिता- चाहे सेवा प्रदायकका रूपमा होस् वा समुदायमा सचेतना फैलाउने अगुवाका रूपमा-निर्णायक रहँदै आएको छ।

यस अभियानको नेतृत्वदायी संस्थाका रूपमा नेपाल नेत्रज्योति सङ्घले देशभर आफ्ना आँखा अस्पताल र उपचार केन्द्रमार्फत लाखौं नागरिकलाई सेवा प्रदान गर्दै अन्धोपन घटाउने राष्ट्रिय लक्ष्यलाई साकार बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ। नेपाल नेत्रज्योति सङ्घअन्तर्गत सञ्चालित नेपाल नेत्रज्योति सङ्घ विगत ४८ वर्षदेखि अन्धोपन निवारणमा आँखा स्वास्थ्य सेवाको माध्यमबाट विद्यमान अन्धोपनको समस्यालाई न्यूनीकरण गर्ने अभियानमा क्रियाशील एक मुनाफारहित, गैरसरकारी विशुद्ध सामाजिक संस्था हो।

विसं २०३५ साल चैत १३ गतेका दिन समाजका विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित समाजसेवीहरूको सामूहिक प्रयासबाट स्थापना भएको यस सङ्घले नेपाली जनतामा सुलभ, सस्तो र गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। नेपाल सरकारबाट आँखा उपचार सेवा देशका सबै जनताको घरदैलोमा पुऱ्याउने दायित्व र निर्देशन प्राप्त भएअनुरुप नेपालको सबै क्षेत्रहरूलाई समेट्ने गरी २८ आँखा अस्पतालहरू, २२६ आँखा उपचार केन्द्रहरू तथा ४३ जिल्ला शाखाहरूका साथै हजारौं समाजसेवीहरू र करिब तीन हजार कर्मचारीमार्फत नेपाल सरकार स्वास्थ्य मन्त्रालयसँगको महत्वपूर्ण सहकार्य, निर्देशन तथा अन्तरराष्ट्रिय विकास साझेदारहरू, प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय जनसमुदाय एवं निष्ठावान कर्मचारीहरूको उल्लेख्य साथ र सहयोगमा आँखा स्वास्थ्य सेवालाई हिमाली क्षेत्रका विकट गाउँदेखि तराईका समथर भूमि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सर्वसाधारणलाई सहज, सर्वसुलभ र गुणस्तरीय उपचार सेवा पुऱ्याउने कार्यमा नेपाल नेत्रज्योति सङ्घले अग्रणी भूमिका खेल्दै आएको छ र नेपालभर आँखासम्बन्धी स्वास्थ्य सेवा विस्तार हुँदै गए पनि महिला तथा पुरुषबीच सेवा पहुँचमा अझै पनि स्पष्ट असमानता देखिन्छ।

यस विशाल सञ्जालभित्र हाल करिब ५३ प्रतिशत पुरुष र ४७ प्रतिशत महिला कर्मचारी कार्यरत छन यसमा नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अपुग देखिन्छ जुन संख्या बढाउन आवश्यक छ। विशेषगरी दुर्गम तथा सीमान्तकृत समुदायमा महिला तथा बालबालिकालाई प्राथमिकतामा राख्दै सेवा विस्तार गर्नु सङ्घको प्रमुख रणनीति रहेको छ। अन्तरराष्ट्रिय महिला दिवसका सन्दर्भमा, अन्धोपन न्यूनीकरणमा महिलाको योगदानलाई सम्मान गर्दै आगामी दिनमा अझ समावेशी र दिगो आँखा स्वास्थ्य सेवा प्रवाह गर्ने प्रतिबद्धता अझ सशक्त बन्दै गएको छ। साथै नेपालमा महिलामा आँखासम्बन्धी समस्या पुरुषको तुलनामा बढी रहेको हुँदा सो हनुमा निम्न कारणहरू देखिएका छन् भने सो को न्यूनीकरणका लागि निम्न प्रयास गर्नुपर्ने देखिन्छ।

**नेपालमा महिलामा आँखासम्बन्धी समस्या**

नेपालमा आँखासम्बन्धी बिरामीहरूको तथ्याङ्क हेर्दा महिलाहरू पुरुषको तुलनामा बढी प्रभावित रहेको पाइन्छ। सन् २०२१ मा सम्पन्न गरिएको (आरएएबी) सर्वेक्षणले पुरुषको तुलनामा महिलामा अन्धोपनको दर उच्च रहेको देखाएको छ। पचास वर्षभन्दा माथिका महिलामा अन्धोपनको दर करिब १.३ प्रतिशत रहेको छ भने पुरुषमा यो दर करिब ०.९ प्रतिशत मात्र रहेको देखिएको छ।

आँखा स्वास्थ्यसम्बन्धी सेवाको पहुँच बारेको अध्ययनहरूले लै असमानता स्पष्टरुपमा देखिएको छ र विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिवेदनहरू, विशेष गरी World Health Organization, International Agency for the Prevention of Blindness को विश्लेषणअनुसार, अन्धोपना तथा दृष्टिदोषको भार महिलामा पुरुषको तुलनामा बढी पाइन्छ।

तर, विडम्बनापूर्वक आँखा स्वास्थ्यसम्बन्धी सेवाको उपयोग दर भने महिलामा कम देखिन्छ। उपलब्ध तथ्यङ्कअनुसार करिब ८० प्रतिमहिलाले मात्र आवश्यक आँखा सेवा लिएको पाइन्छ भने पुरुषमा यो दर करिब ८४५ प्रतिशत रहेको देखिन्छ।

यसले आँखाको स्वास्थ्य सेवामा पहुँच, समयमै उपचार र सामाजिक-आर्थिक कारणले महिलाहरू अझै जोखिममा रहेको सङ्केत गर्दछ। नेपालमा अन्धोपनको प्रमुख कारण अझै पनि मोतियाविन्दु नै रहेको छ, जुन समयमै शल्यक्रिया गरे पूर्ण रूपमा उपचार सम्भव हुने रोग हो। यसका पछाडि विभिन्न सामाजिक, आर्थिक तथा सांस्कृतिक कारणहरू जिम्मेवार रहेका छन्।

**महिलाले आँखाको सेवा कम पाउनुका प्रमुख कारणहरू :**

- सामाजिक तथा पारिवारिक जिम्मेवारी (महिलाहरू घरायसी काम, बालबालिका हेरचाह तथा परिवार व्यवस्थापनमा बढी व्यस्त हुने भएकाले आफ्नै स्वास्थ्यलाई प्राथमिकता दिन नसक्नु।
- निर्णय गर्ने अधिकारको कमी (धेरै ठाउँमा महिलाले स्वास्थ्य सेवा लिन परिवारको अनुमति आवश्यक पर्ने अवस्था अझै कायम रहनु।
- आर्थिक निर्भरता स्वतन्त्र आम्दानी नहुँदा उपचार खर्च व्यवस्थापन गर्न कठिन हुनु।
- भौगोलिक पहुँचको समस्या (दुर्गम क्षेत्रमा बसोबास गर्ने महिलाका लागि आवश्यक स्थान पुग्न यातायात र सुरक्षाको चुनौती देखिनु।
- लैङ्गिक संवेदनशील सेवाको अभाव (कतिपय अवस्थामा महिला स्वास्थ्यकर्मीको अभाव वा सुरक्षित वातावरण नहुँदा महिलाहरू सेवा लिन हिच्किचाउँनु।
- सचेतनाको अभाव (आँखाको रोग समयमै उपचार नगरे दृष्टि गुम्न सक्ने भन्ने कुराको जानकारी धेरै महिलासम्म पुग्न सकेको छैन।

**महिलाले आँखाको स्वास्थ्य सुधार गर्न निम्न प्रयास आवश्यक देखिन्छ**

- नेतृत्व तहमा महिलाको सहभागिता बृद्धि
- समुदायस्तरमा लक्षित सचेतना कार्यक्रम
- महिला मैत्री स्वास्थ्य सेवा वातावरण
- आर्थिक तथा पहुँच सहजीकरण
- महिला स्वास्थ्य स्वयंसेविका तथा स्थानीय नेतृत्वको सक्रियता
- समुदायको समग्र विकासमा महिलाको भूमिका

महिलाको आँखाको स्वास्थ्य सुधार गर्नु भनेको केवल व्यक्तिगत स्वास्थ्य सुधार मात्र होइन यसले परिवारको आर्थिक अवस्था, बालबालिकाको शिक्षा र समुदायको समग्र विकाससँग प्रत्यक्ष सम्बन्ध राख्दछ जब घरकी महिलाले स्पष्ट देख्न सक्छिन तब परिवारको समृद्धि र उज्वल भविष्य निर्माणमा थप योगदान दिन सक्छिन भन्ने कुरा सर्व बिदितै छ।

नेपालमा अन्धोपन न्यूनीकरणतर्फ उल्लेखनीय प्रगति भए पनि लैङ्गिक असमानता पूर्ण रूपमा अन्त्य भएको छैन भन्ने तथ्य स्पष्ट छ। महिलाहरूलाई लक्षित, पहुँचयोग्य र लैङ्गिक संवेदनशील आँखा स्वास्थ्य सेवा विस्तार गर्नु आजको अपरिहार्य आवश्यकता हो।

अन्तरराष्ट्रिय महिला दिवसको सन्दर्भमा, आँखाको स्वास्थ्य अधिकार पनि आधारभूत मानव अधिकारकै हिस्सा हो भन्ने सन्देश सशक्त रूपमा स्थापित गर्न आवश्यक छ। महिला सशक्तीकरणसँगै स्वास्थ्यमा समान पहुँच सुनिश्चित गर्न सके मात्र 'दृष्टियुक्त नेपाल' निर्माणको लक्ष्य सार्थक हुनेछ। (लेखक केसी करिब ३५ वर्षदेखि नेपालको आँखा स्वास्थ्य क्षेत्रको प्रशासनिक उच्च पदमा कार्यरत हुनुहुन्छ)

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# निर्वाचनमा सक्रिय रूपमा सहभागी हुन कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको आग्रह

काठमाडौं, २० फागुन (रासस)।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधिसभा सदस्य निर्वाचनमा उत्साहपूर्वक र सक्रिय रूपमा सहभागी हुन आममतदातालाई आग्रह गर्नुभएको छ।

निर्वाचनको पूर्वसन्ध्यामा बुधबार आयोगमा आयोजित पत्रकार सम्मेलनमा उहाँले निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाउँदै सक्रिय रूपमा सहभागी हुन आममतदातालाई आग्रह गर्नुभयो।

कावा प्रमुख आयुक्त भण्डारीले लोकतान्त्रिक वैधतालाई नवीकरण गर्ने संवैधानिक अभ्यासका रूपमा हुन लागेको निर्वाचन सहभागी भई आफ्नो अमूल्य मत प्रदान गर्न आह्वान गर्नुभयो। निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन्। प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन्। प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन्। यस्तै एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ। एक सय ४३ अस्थायी मतदानस्थल तय गरिएको छ। निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिएका कावा प्रमुख आयुक्त भण्डारीले जानकारी दिनुभयो।

निर्वाचनमा दुई लाख १५ हजार कर्मचारी खटिँदैछन्। आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कूल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ।

यसपटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन्।

### दुर्घटनामा बाबु ...

क्षेत्रमो स्कुटरको ठक्करबाट परिचय नखुलेका पैदलयात्रीको ज्यान गएको जनाइएको छ। तुलसीपुर उपमहानगरपालिका-१९ हाडीमेस्थित सडकमा मोटरसाइकल पल्टिँदा तुलसीपुर उपमहानगरपालिका-१९ का २२ वर्षीय दिपेन घर्तीमगरको मृत्यु भएको छ।

कमलामाई नगरपालिका-४ हिरापानी नजिक बसले स्कुटरलाई ठक्कर दिँदा कमलामाई नगरपालिका-६ धुराबाजार बस्ने गोलान्जोर गाउँपालिका-२ बित्तिजोरका ३५ वर्षीय चन्द्र श्रेष्ठको मृत्यु भएको छ।

# अन्तरजातीय विवाहको सामाजिकीकरण कसरी गर्ने ?

**राजेश विद्रोही**

काठमाडौं, २० फागुन (रासस)।

फागुन महिना लागेसँगै वैवाहिक लगनगाँठोको मौसम सुरु भएको छ। समाजले सहजै स्वीकार्ने अनेक प्रकारका विवाह यस अवधिमा देखिन्छ–स्वजातीय विवाह, अभिभावक र आफन्तको रोजाइमा हुने विवाह, दाइजो प्रथामा आधारित विवाह, यहाँसम्म कि बालविवाह पनि। यी सबै खालका विवाहलाई समाजले सामाजिक विवाहका रूपमा सामान्य रूपमा ग्रहण गरेको पाइन्छ तर अन्तरजातीय विवाह भने अझै पनि समाजको स्वीकृतिको दायराभित्र पर्न सकेको छैन। युवायुवतीले आपसी समझदारी, प्रेम र स्वतन्त्र निर्णयका आधारमा गर्ने यस्तो विवाहलाई समाजले सहज रूपमा स्वीकार गर्न सकेको देखिँदैन किनभने नेपाली समाजको सबैभन्दा गहिरो, जटिल र दीर्घकालीन संरचना जातीय व्यवस्था हो।

यो व्यवस्था केवल सामाजिक पहिचानमा सीमित छैन, यसले सोच, चिन्तन, सम्बन्ध, अवसर, अधिकार र परिवर्तनको सीमा नै निर्धारण गर्छ। जन्मिँदा नै मानिस कुन जातमा पर्छ भन्ने आधारमा उसले जीवनमा के गर्न सक्छ, कोसँग उठबस गर्न मिल्छ, कसरी व्यवहार गर्नुपर्छ र कोसँग विवाह गर्नुपर्छ वा गर्न हुँदैन भन्ने निर्णय समाजले गरिदिन्छ। यही संरचनागत मनोविज्ञानका कारण अन्तरजातीय विवाह आज पनि सामाजिक अस्वीकार, बहिष्कार र हिंसाको केन्द्रमा छ।

अन्तरजातीय विवाहप्रतिको सामाजिक असहिष्णुता नेपालमा कति गहिरो छ भन्ने कुरा केही प्रतिनिधि घटनाले स्पष्ट देखाउँछन्। काभ्रेका अजित मिजार अन्तरजातीय विवाहकै कारण हत्या गरिए तर विडम्बना–उनको शव आज पनि काठमाडौंस्थित शिक्षण अस्पतालको शवगृहमा न्यायको प्रतीक्षामा छ। मृत्युपछि पनि उनले सम्मानजनक अन्त्य पाउन सकेका छैनन्, जुन राज्य र समाज दुवैका लागि गम्भीर नैतिक प्रश्न हो।

यस्तै, रुकुम पश्चिमको सोतीमा अन्तरजातीय प्रेम सम्बन्धकै कारण नवराज विकसहित छ जना युवाको हत्या गरी भेरी नदीमा बगाइएको घटना आज पनि नेपाली समाजको सामूहिक स्मृतिमा ताजै छ। यो घटना केवल सामूहिक हत्या मात्र थिएन, यो जातीय अहंकार, सामाजिक क्रूरता र संरचनागत हिंसाको चरम अभिव्यक्ति थियो। यी घटनाहरू अपवाद होइनन्। सप्तरीका मनोज राम–बबिता इसर, सर्लाही बरहथवाका सत्येन्द्र राम–नेहा रौनियार, रौतहटका लक्ष्मण पासवान–रुबी साहजस्ता घटनाहरू पनि अन्तरजातीय सम्बन्धकै कारण हिंसा, बहिष्कार र मृत्युको जोखिममा परेका चर्चित उदाहरण हुन्। यसले देखाउँछ कि समस्या कुनै भूगोल वा समुदायमा सीमित छैन्, यो देशव्यापी जातीय संरचनागत रोग हो।

चिन्ताजनक कुरा के छ भने यस्ता घटना वर्षमा एक–दुई मात्र होइन्, दर्जनौंको सङ्ख्यामा दोहोरिइरहेका छन्। तर राज्यको तथ्याङ्क प्रणाली, प्रहरीको वर्गीकरण र राजनीतिक संवेदनशीलताको अभावका कारण यी घटनाहरूलाई प्रायः व्यक्तिगत अपराधका रूपमा सीमित गरिन्छ। जातीय हिंसाका रूपमा पहिचान र सम्बोधन हुँदैन। यसरी अन्तरजातीय विवाहका कारण हुने हत्या र हिंसालाई केवल सामाजिक विकृति भनेर छोड्नु पर्याप्त छैन। यो मानव अधिकार, समानता र संविधानले प्रत्याभूत गरेको नागरिक स्वतन्त्रतामाथिको प्रत्यक्ष आक्रमण हो–जसको स्पष्ट स्वीकारोक्ति, तथ्याङ्क सङ्कलन, कानुनी कठोरता र सामाजिक हस्तक्षेपबिना समाधान सम्भव छैन किनभने कानुनी रूपमा अन्तरजातीय विवाह मान्य भए पनि सामाजिक स्वीकृति नपाएको यथार्थ नेपाली समाजका लागि एउटा गम्भीर चुनौती बनेको छ। त्यसैले आजको प्रश्न अन्तरजातीय विवाह सही कि गलत भन्ने होइन। मुख्य प्रश्न हो–यसलाई समाजले स्वाभाविक, सम्मानजनक र मानवीय अभ्यासका रूपमा कसरी स्वीकार गर्ने ? अर्थात् अन्तरजातीय विवाहको सामाजिकीकरण कसरी गर्ने ?

अन्तरजातीय विवाह दुई व्यक्तिको निजी सम्बन्ध मात्र होइन, यो आजको युगको समाजको शक्ति संरचना, परम्परा, वर्चस्व र मानवीय स्वतन्त्रतामाथि उठ्ने प्रत्यक्ष प्रश्न हो। विशेषतः नेपालजस्तो समाजमा जहाँ जातलाई श्रेष्ठता र हीनताको आधार बनाइएको छ, त्यहाँ फरक जातबीचको विवाहलाई प्रेमको विषयभन्दा बढी सामाजिक विद्रोह वा अपराधका रूपमा हेरिन्छ। यही कारणले अन्तरजातीय विवाह गर्ने जोडीहरूले परिवार, समाज र कहिलेकाहीं राज्यकै उदासीनताको सामना गर्नुपर्छ। सामाजिक बहिष्कार, मानसिक यातना, आर्थिक असहयोगदेखि हत्या र शारीरिक हिंसासम्मका घटनाहरू अझै पनि घटिरहेका छन्। यसले स्पष्ट गर्छ–समस्या कानुनको अभाव होइन, समस्या सामाजिक सोच र चेतनाको हो।

सामाजिकीकरण भन्नाले कुनै अभ्यासलाई समाजले सामान्य, स्वाभाविक र स्वीकार्य ठान्ने प्रक्रिया हो। अन्तरजातीय विवाहको सन्दर्भमा यो प्रक्रिया अझै अधुरो छ। समाजले यसलाई अपवाद, लाज, समस्या वा संस्कार विरोधी कार्यका रूपमा बुझिरहेको छ। यसको मूल कारण जातीय मानसिकता हो–'मेरो जात माथि, तिम्रो जात तल्लो' भन्ने सोच, जुन पुस्तौंदेखि संस्कारको रूपमा हस्तान्तरण हुँदै आएको छ। यही सोचले मानिसलाई मानिस होइन्, जातको प्रतिनिधि बनाउँछ। जब मानिसलाई जातको सीमामा बाँधिन्छ, तब प्रेम र वैवाहिक छनोट स्वतन्त्र हुन सक्दैन।

यसर्थ अन्तरजातीय विवाहको सामाजिकिकरणका लागि सबैभन्दा पहिले सकारात्मक सोचको पुनर्निर्माण आवश्यक छ। यो पुनर्निर्माण शिक्षा प्रणालीबाट सुरु हुनुपर्छ। विद्यालय तहदेखि नै जातीय समानता, मानव अधिकार र सामाजिक न्यायका मूल्यहरू पढाइ र व्यवहारमा उतार्नुपर्छ। पाठ्यपुस्तकमा जातीय विभेदको इतिहास, त्यसले सिर्जना गरेको पीडा र त्यसको अन्त्यका लागि भएका सङ्घर्षहरू स्पष्ट रूपमा समेटिनुपर्छ। अन्तरजातीय विवाहलाई असामान्य वा विवादास्पद विषयका रूपमा होइन्, विविध समाजको स्वभाविक मानवीय अभ्यासका रूपमा प्रस्तुत गर्नुपर्छ। शिक्षा केवल ज्ञान दिने माध्यम मात्र होइन, यो सोच निर्माण गर्ने सबैभन्दा शक्तिशाली औजार हो। आज शिक्षाले जे सिकाउँछ, भोलि समाजले त्यही व्यवहार गर्छ।

समाज परिवारबाट सुरु हुन्छ र परिवारमै जातीय सोच सबैभन्दा कडा रूपमा जरा गाडेको हुन्छ। धेरै अभिभावकहरू अन्तरजातीय विवाहलाई आफ्नै इज्जत र सामाजिक हैसियतसँग जोडेर हेर्छन्। जब विवाहलाई सामाजिक प्रतिष्ठासँग दाँजिन्छ, त्यहाँ हिंसा र अपराध जन्मिन्छ। छोराछोरीको खुसीभन्दा 'समाजले के भन्छ' भन्ने डर ठूलो बनाइन्छ। यसैले परिवारभित्र स्वतन्त्र संवाद बन्द हुन्छ। सामाजिकीकरणका लागि परिवारभित्र खुला संवादको संस्कार विकास गर्नु अनिवार्य छ। विवाह, प्रेम र जीवन साथीको छनोटबारे अभिभावक र सन्तानबीच खुलेर कुरा हुनुपर्छ। 'हाम्रो पालामा यस्तो थिएन' भन्ने तर्कभन्दा "तिमीले किन यस्तो सोच्यौ ?" भन्ने प्रश्नले चेतनाको ढोका खोल्छ। अन्तरजातीय विवाह गरेका दम्पतीका सकारात्मक अनुभवहरू परिवार र समुदायमा साझा गर्न सकिएमा डर क्रमशः विश्वासमा बदलिन सक्छ।

सूचना प्रविधिको युगमा सञ्चार माध्यमले अन्तरजातीय विवाहको सामाजिकीकरणमा निर्णायक भूमिका खेल्न सक्छ तर अहिलेको मिडिया प्रवृत्तिले यसलाई प्रायः हिंसा, हत्या, विवाद र बिग्रहसँग मात्र जोडेर प्रस्तुत गर्छ। यसले समाजमा नकारात्मक धारणा अझै बलियो बनाउँछ। मिडियाले सफल, सम्मानीत र सशक्त अन्तरजातीय दम्पतीका कथालाई प्राथमिकता दिनुपर्छ। सिनेमा, टेलिसिरियल, वेब सिरिज र साहित्यमा अन्तरजातीय सम्बन्धलाई समस्या होइन, सामान्य मानवीय सम्बन्धका रूपमा चित्रण गर्नुपर्छ। साथै, भाषा अत्यन्त महत्वपूर्ण छ। 'तल्लो जात', 'उचो जात', 'घर बिगार्‍यो', 'इज्जत गयो' जस्ता शब्दावली सोच निर्माण गर्ने विष हुन्। यस्ता भाषालाई विस्थापित गर्नु नै सामाजिकीकरणको महत्वपूर्ण कदम हो।

धर्म र संस्कृति पनि प्रायः अन्तरजातीय विवाहको विरोधका औजार बनाइन्छन्। धर्मको गलत व्याख्या गर्दै जातीय विभाजनलाई ईश्वरीय व्यवस्था ठहऱ्याइन्छ। जबकि अधिकांश धर्मका मूल सन्देश मानव समानता, प्रेम र करुणामा आधारित छन्। धार्मिक र सांस्कृतिक अगुवाहरूले अन्तरजातीय विवाहको विरोध होइन, समर्थन गर्ने स्पष्ट र साहसी भूमिका खेल्नुपर्छ। संस्कृति स्थिर वस्तु होइन, यो समय र समाजसँगै परिवर्तन हुन्छ भन्ने बुझाइ फैलाउनुपर्छ। संस्कृतिको नाममा विभेदको संरक्षण गर्नु संस्कृतिको रक्षा होइन, पतन हो।

राज्यको भूमिका यहाँ अत्यन्त महत्वपूर्ण छ। अन्तरजातीय विवाह प्रोत्साहनका लागि केवल नगद सहयोग पर्याप्त हुँदैन। विवाहपछि जोडीलाई सुरक्षा, कानुनी सहायता र मनोसामाजिक परामर्श आवश्यक हुन्छ। धेरै अन्तरजातीय दम्पती विवाहपछि एक्लो र असुरक्षित महसुस गर्छन्, कतिपय अवस्थामा हिंसा वा सम्बन्धविच्छेदसम्म पुग्छन्। राज्यले उनीहरूलाई उदाहरणका रूपमा होइन, नागरिकका रूपमा संरक्षण गर्नुपर्छ। स्थानीय तहहरूले सार्वजनिक सम्मान, समुदायस्तरीय संवाद कार्यक्रम र जातीय सद्भाव अभियान सञ्चालन गर्नुपर्छ, जसले समाजमा सकारात्मक सन्देश प्रवाह गर्छ।

युवा पुस्ता अन्तरजातीय विवाहको सामाजिकीकरणको सबैभन्दा ठूलो शक्ति हो। आजका युवाहरू पुराना मूल्य र नयाँ चेतनाको सङ्घर्षको केन्द्रमा छन्। यदि उनीहरूले प्रेम, सम्मान र समानतालाई जातभन्दा माथि राख्ने साहस गरे भने समाजको दिशा बदलिन सक्छ। तर यो साहस एक्लै सम्भव हुँदैन। नागरिक समाज, अभियन्ता र सामाजिक सञ्जालले अन्तरजातीय विवाह गर्नेहरूलाई एक्लो नछाड्ने संस्कार विकास गर्नुपर्छ। सामूहिक समर्थनले मात्र व्यक्तिगत साहसलाई सामाजिक आन्दोलनमा रूपान्तरण गर्न सक्छ।

अन्तरजातीय विवाहको सामाजिकीकरणको अन्तिम लक्ष्य जातीय पहिचान मेट्नु होइन्, संस्कृति नष्ट गर्नु पनि

# सार्वजनिक बिदाका दिन आवश्यक व्यवस्था मिलाइएको आयोगको भनाइ

काठमाडौं, २० फागुन (रासस)।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई सहज बनाउनका लागि बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित शाखालाई नियमित सञ्चालनको आवश्यक व्यवस्था मिलाइएको जनाएको छ।

यही फागुन २१ गतेका दिन हुने प्रतिनिधिसभा सदस्यको आमनिर्वाचनलाई मध्यनजर गरी सरकारले तीन दिन सार्वजनिक बिदा दिएको छ।

फागुपूर्णिमा तथा अन्य सार्वजनिक बिदाका कारण सो अवधिमा वित्तीय पक्षका सारभूत कार्य तथा सेवामा असर पर्न नदिन आयोगको निर्णय तथा अनुरोधअनुरूप महालेखा नियन्त्रक कार्यालयमार्फत राजस्व दाखिलाको प्रबन्ध मिलाइएको उल्लेख गरिएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निर्वाचनसम्बन्धी कामको भुक्तानी निकासा, राजस्व दाखिलालगायत सेवा सञ्चालन गराइएको छ। सो कार्यका निम्ति उक्त कार्यालयले प्रणाली सञ्चालनका लागि प्राविधिक जनशक्ति खटाई निर्बाध सेवा प्रवाहको व्यवस्था मिलाइएको आयोगले स्पष्ट पारेको छ।

नेपाल राष्ट्र बैंकले सरकारी कारोबार गर्ने एजेन्सी बैंक तथा राजनीतिक दल र उम्मेदवारका निर्वाचन प्रचारप्रसार बैंक खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाद्वारा रकम दाखिला तथा भुक्तानीलगायत वित्तीय सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइएको छ।

भुक्तानीसम्बन्धी तथा आवश्यक प्रणालीको निर्बाध सञ्चालनको प्रबन्ध मिलाइएको आयोगले जानकारी दिएको छ। मुलुकभरका मतदाताले एकैपटक मतदान गर्ने दिन भएकाले सो दिन वित्तीय एवं बैंकिङ सेवा सञ्चालन नहुने र सोको भोलिपल्ट फागुन २२ गतेदेखि यथावत् सञ्चालन हुने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

# विश्व समाचार

## मानवहितमा एआई प्रयोग गर्न संयुक्त राष्ट्रको जोड

संयुक्त राष्ट्र, २० फागुन (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसले कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी नवगठित अन्तर्राष्ट्रिय वैज्ञानिक प्यानललाई विश्वस्तरमा स्पष्ट नीति, सुरक्षा मापदण्ड र उत्तरदायित्वका आधार तय गर्न आह्वान गर्नुभएको छ। प्यानलको प्रारम्भिक बैठकलाई सम्बोधन गर्दै उहाँले कृत्रिम बुद्धिमत्ता अभूतपूर्व गतिमा विकास भइरहेको र यसले विश्व अर्थतन्त्र, श्रम बजार, शिक्षा, स्वास्थ्य, सञ्चार तथा शासन प्रणालीमा गहिरो र दीर्घकालीन प्रभाव पारिरहेको बताउनुभयो। यस्तो तीव्र परिवर्तनशील प्रविधिको समग्र प्रभाव कुनै एक देश, कम्पनी तथा अनुसन्धान संस्थाले मात्र बुझ्न नसक्ने भएकाले विश्वव्यापी सहकार्य र वैज्ञानिक आधारमा साझा समझ निर्माण अपरिहार्य रहेको उहाँले उल्लेख गर्नुभयो।

महासचिव गुटेरेसका अनुसार कृत्रिम बुद्धिमत्ताले शान्ति र सुरक्षादेखि मानवअधिकार तथा दिगो विकाससम्मका क्षेत्रमा अवसर र चुनौती दुवै सिर्जना गरेको छ। एकातिर यसले उत्पादकत्व वृद्धि, नवीन आविष्कार र सेवाको पहुँच विस्तार गर्न सक्छ भने अर्कोतर्फ दुरुपयोग, गलत सूचना प्रसार, गोपनीयता हनन तथा असमानता बढ्ने जोखिम पनि रहेको उहाँले चेतावनी दिनुभयो। त्यसैले यस प्रविधिको प्रयोग सुरक्षित, पारदर्शी, समावेशी र मानवकेन्द्रित हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

नवगठित प्यानलले स्वतन्त्र र निष्पक्ष वैज्ञानिक मूल्याङ्कनका आधारमा विश्व समुदायलाई विश्वासयोग्य सल्लाह र सुझाव प्रदान गर्ने अपेक्षा गरिएको छ। प्यानलका सदस्यहरू व्यक्तिगत हैसियतमा कार्य गर्नेछन् र कुनै सरकार, निजी क्षेत्र तथा अन्य संस्थाको प्रभावमा नपरी स्वतन्त्र रूपमा अनुसन्धान र विश्लेषण गर्ने व्यवस्था गरिएको छ। उहाँहरूले कृत्रिम बुद्धिमत्ताको विकास, जोखिम व्यवस्थापन, नैतिक मापदण्ड तथा अन्तर्राष्ट्रिय सहकार्यका सम्भावित ढाँचाबारे सिफारिस तयार पार्नेछन्।

संयुक्त राष्ट्र महासभाले ४० सदस्यीय यस प्यानल गठन गरेको हो, जसका सदस्यहरूको कार्यकाल तीन वर्षको रहनेछ। महासचिवले यस पहललाई मानवताका हितमा प्रविधिको उपयोग सुनिश्चित गर्ने ऐतिहासिक अवसरका रूपमा वर्णन गर्दै सबै देशलाई सक्रिय सहभागिता जनाउन आग्रह गर्नुभएको छ।

## चीनद्वारा आन्तरिक माग विस्तारलाई उच्च प्राथमिकता

बेजिङ, २० फागुन (रासस/सिन्ह्वा)।

चीन सरकारले सन् २०२६ मा देशको आन्तरिक माग विस्तार गर्दै उपभोग वृद्धि सुदृढ गर्ने व्यापक योजना अघि सारेको छ। राष्ट्रिय जनसभाको १४औं सत्रको चौथो बैठकको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता लाउ छिनजियानले सरकारको प्राथमिकता आन्तरिक बजारलाई बलियो बनाउँदै आर्थिक स्थायित्व कायम गर्नु रहेको स्पष्ट पार्नुभयो।

उहाँका अनुसार, चीनले उच्च गुणस्तरीय उपभोक्ता वस्तु तथा सेवाको आपूर्ति विस्तार गर्दै सेवा क्षेत्रमा उपभोग बढाउन विशेष ध्यान दिनेछ। उपभोक्ता वस्तुहरूको अदला–बदली कार्यक्रमलाई अझ प्रभावकारी बनाइनेछ, जसले नागरिकलाई नयाँ र गुणस्तरीय सामग्री प्रयोग गर्न प्रोत्साहित गर्ने अपेक्षा गरिएको छ। साथै, अन्तर्राष्ट्रिय स्तरमा अनुकूल खपत वातावरण निर्माण गर्दै विदेशी तथा स्वदेशी लगानीलाई आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ।

सरकारले रोजगारी सिर्जना र आम्दानी वृद्धि मार्फत नागरिकको क्रयशक्ति बढाउने लक्ष्य पनि राखेको छ। शहरी तथा ग्रामीण क्षेत्रका बासिन्दाको आयस्तर उकास्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ। शिक्षा, बाल हेरचाह, वृद्ध हेरचाह तथा स्वास्थ्य सुरक्षाजस्ता सामाजिक क्षेत्रमा सुधार गर्दै जनजीवनको गुणस्तर उकास्ने प्रतिबद्धता व्यक्त गरिएको छ।

विश्लेषकहरूका अनुसार, चीनले बाह्य चुनौतीहरूको सामना गर्दै आर्थिक वृद्धिलाई दीगो बनाउन 'आन्तरिक माग विस्तार' रणनीतिलाई केन्द्रीय नीतिको रूपमा अघि सारेको हो। आगामी बैठकहरूमा यससम्बन्धी थप नीति तथा कार्यक्रमहरू सार्वजनिक हुने अपेक्षा गरिएको छ।

## अफगानिस्तानमा हरित क्षेत्र विस्तारको नयाँ कार्यक्रम

काबुल, २० फागुन (रासस/सिन्ह्वा)।

अफगानिस्तान सरकारले वातावरण संरक्षण र हरित क्षेत्र विस्तारलाई उच्च प्राथमिकतामा राख्दै देशव्यापी वृक्षारोपण अभियान सुरु गरेको छ। उक्त अभियान एक महिनासम्म सञ्चालन हुनेछ र यसअन्तर्गत देशभर एक करोड ९० लाख बिरुवा रोप्ने लक्ष्य राखिएको छ। सरकारले जनाएको अनुसार अभियानले मात्र वन क्षेत्र विस्तार नगरी, जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरू न्यूनीकरण गर्ने, माटो संरक्षण गर्ने र प्राकृतिक विपद्का जोखिम कम गर्ने महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

अभियान अन्तर्गत सबै नागरिक, स्थानीय समुदाय र सरकारी निकायहरूलाई कम्तीमा एक–एक बिरुवा रोपेर यस अभियानमा सक्रिय सहभागिता जनाउन आह्वान गरिएको छ। अफगानिस्तानमा लामो समयसम्म चलेको द्वन्द्व, अवैध कटानी र अन्य मानवीय तथा प्राकृतिक कारणहरूले हजारौं हेक्टर वन क्षेत्र नष्ट भएको छ। यसले बाढी, पहिरो, माटो कटान र अन्य प्राकृतिक विपद्का घटनाहरू बढाएको छ।

अफगान सरकारले विगत चार वर्षमा १० करोडभन्दा बढी बिरुवा रोपिसकेको जनाएको छ। यसले वातावरणीय सन्तुलन पुनःस्थापना, जैविक विविधता संरक्षण र कृषि उत्पादनमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरिएको छ। अधिकारीहरूले अभियानलाई दीर्घकालीन हरित विकास रणनीतिसँग जोडिएको महत्वपूर्ण कदमको रूपमा व्याख्या गरेका छन् र भविष्यमा पनि हरित क्षेत्रको संरक्षण तथा विस्तारलाई निरन्तरता दिने योजना रहेको बताएका छन्। यस अभियानले देशभरको जनचेतना पनि वृद्धि गर्ने अपेक्षा गरिएको छ, जसले नागरिकलाई वातावरण संरक्षण, प्राकृतिक स्रोतको सदुपयोग र दीगो विकासमा सक्रिय बनाउने विश्वास गरिएको छ।

# निर्वाचनको सम्पूर्ण तयारी पूरा : गृह मन्त्रालय

काठमाडौँ, २० फागुन (रासस)।

गृह मन्त्रालयले बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। बुधबार बिहान मन्त्रालयमा बसेको ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीसँगको भर्चुअल बैठकमा निर्वाचनको सुरक्षा, व्यवस्थापनलगायत सम्पूर्ण व्यवस्थापकीय काम पूरा भएको जनाएको हो।

गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठको अध्यक्षतामा मन्त्रालयका उच्च अधिकारीसहित ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूको भर्चुअल बैठकले सबै जिल्लाको निर्वाचन तयारी र सुरक्षा व्यवस्थापनबारे जानकारी लिएको छ।

बैठकमा निर्वाचनको तयारी, सुरक्षा व्यवस्थालगायत विषयमा केन्द्रित रहेर छलफल भएको मन्त्रालयका सहप्रवक्ता रमा आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार सो छलफलमा सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट निर्वाचनको सबै तयारी पूरा भएको जानकारी दिनुका साथै सुरक्षा अवस्था सामान्य रहेकोबारे जानकारी गराइएको छ।

बैठकमा जिल्लाको निर्वाचन तयारी, विद्यमान अवस्था, केन्द्रले गर्नुपर्ने समन्वयलगायत विषयमा छलफल भएको छ। शान्ति सुरक्षाको अवस्था, निर्वाचनको दिन अपनाउनुपर्ने सतर्कता र सुरक्षा संवेदनशिलताबारे समीक्षा भई आगामी रणनीति बनाउने समझदारी बनेको सहप्रवक्ता आचार्यले जानकारी दिनुभयो।

गृहसचिव श्रेष्ठले निर्वाचन सुरक्षालाई मजबुत र प्रभावकारी बनाउन प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिनुभयो। बैठकमा सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीले सबै कर्मचारी सुरक्षा संयन्त्र र निर्वाचन सामग्री मतदानस्थलमा पुगेको जानकारी दिनुभएको थियो।

# निर्वाचनको तयारी पूरा, प्रत्यक्षतर्फको मतपरिणाम २४ घण्टाभित्र दिने तयारी

काठमाडौँ, २० फागुन (रासस)।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सम्पूर्ण तयारी पुरा भएको जनाएको छ। आयोगका अनुसार आवश्यक मतपत्र, मतपेटिका तथा अन्य निर्वाचन सामग्री सबै मतदान केन्द्रमा पुर्‍याइसकिएको छ। सुरक्षालगायतका प्रबन्ध पनि मिलाइसकेको आयोगले जनाएको छ।

बिहीबार हुने निर्वाचनका लागि मतदान केन्द्रहरूको निर्माण, व्यवस्थापन, पहुँच व्यवस्थापन, लैङ्गिक र अपाङ्गमैत्री व्यवस्था तथा कर्मचारी परिचालनलगायतका सम्पूर्ण तयारी भइसकेको आयोगले जनाएको छ। मतदान गर्न पाउने गरी शान्ति सुरक्षाको भरपर्दो प्रबन्ध मिलाइएकाले ढुक्क भएर मताधिकार प्रयोग गर्न आयोगले अपिल गरेको छ।

आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्तलगायतका पदाधिकारीले बुधबार पत्रकार सम्मेलन गरेर संवैधानिक दायित्व अनुसार आयोग स्वतन्त्र, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय निर्वाचनको दायित्व पूरा गर्न क्रियाशील रहेको स्मरण गराउँदै तयारी पूरा भएको जनाएको हो।

"निर्वाचन केवल आफ्ना प्रतिनिधि छान्ने वा सरकार गठन गर्ने प्रक्रिया मात्र होइन लोकतन्त्रको वैधता नवीकरण गर्ने संवैधानिक अभ्याससमेत हो। लोकतन्त्रको सुदृढीकरणका लागि हुने मतदान नागरिकको अधिकार र दायित्व दुवै हो", कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले भन्नुभयो, "आफ्नो मताधिकार प्रयोग गर्नु संवैधानिक र कानुनी अधिकार मात्र होइन, लोकतान्त्रिक नागरिकको जिम्मेवारी हो।"

सो पत्रकार सम्मेलनमा कार्यवाहक प्रमुख आयुक्त भण्डारीले यसअघि परेका उजुरीबाहेक हालसम्म अन्य उम्मेदवारहरुको अयोग्यताको विषयमा कुनै उजुरी नपरेको र छानबिनको क्रममा नरहेको स्पष्ट पार्नुभयो।

**गणना सुरु भएको २४ घन्टाभित्र परिणाम दिने तयारी**

आयोगले मतगणना सुरु भएको २४ घन्टाभित्र प्रत्यक्षतर्फको मत परिणाम दिने गरी गणना गराउन प्रबन्ध गरेको जनाएको छ। त्यसलगत्तै समानुपातिकतर्फको मतगणना हुने जनाइएको छ। दुर्गम पहाडी जिल्लाका ६१ स्थानबाट नेपाली सेनाको हेलिकोप्टरमार्फत मतपेटिका संकलन गरिने र अन्य स्थानको गाडीबाट संकलन गरिने आयोगका सचिव कृष्णबहादुर राउतले जानकारी दिनुभयो।

मतपत्र र मतपेटिकाको सुरक्षा र संकलन विगतमाझैँ एकीकृत सुरक्षा योजनाबमोजिम हुने भएकाले मतपेटिका सुरक्षित हुने आयोगको भनाइ छ। कार्यवाहक प्रमुख आयुक्त भण्डारीले भन्नुभयो, "मतपेटिका संकलन पहिलेदेखिकै व्यवस्था अनुसार हुने हो। नेपाली सेनाले छुट्टै संकलन गर्ने होइन। मतपेटिका किञ्चित साटफेर हुँदैन। यसका शङ्का गरिरहनु पर्दैन।"

कतिपय जिल्लामा उम्मेदवारहरुसमेत पैसा र मादक पदार्थ बोकेर मतदाता प्रभावित गर्न हिँडेको आशङ्कामा पक्राउ परेका छन्। कार्यवाहक प्रमुख आयुक्त भण्डारीले यस्ता गविविधिमा आयोगले शुन्य सहनशीलतानको नीति लिएको स्पष्ट पार्नुभयो।

यस निर्वाचनामा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दल प्रतिस्पधामा छन्। प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार मैदानमा छन्।

त्यसैगरी सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार छन्। प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुने छन्। यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम छन्। एक लाख ८६ हजार १४२ अस्थायी मतदाता रहेका छन्।

## *मौन अवधिमा ...*

बढाइने जानकारी दिए। यादवसँगै पक्राउ परेका विष्णुपुर-५, लक्ष्मीपुरका श्यामकुमार यादव, रामप्रवेश यादव, बप्रेन्द्रकुमार यादव र नरहा गाउँपालिका-३ का सवारीचालक जीतेन्द्रकुमार महतो पनि रिहा भएका छन्।

मङ्गलबार राति उम्मेदवार यावदसहित पाँच जनालाई निर्वाचन सुरक्षा गस्तीमा रहेका प्रहरीले नेपाल-भारत सीमामा पर्ने माडर बजारबाट सिरहा सदरमुकामतर्फ आउँदै गरेको अवस्थामा माडरदेखि उत्तर शिवचोकमा प्र २-०२-००१ च ०८७ नम्बरको स्कर्पियोबाट रु चार लाख ८७ हजार नगदसहित पक्राउ गरेको थियो।

निर्वाचन कसुर तथा सजायसम्बन्धी ऐन, २०७३ को दफा ३० अनुसार निषेधित कार्यका लागि आर्थिक सहयोग लिन वा खर्च गर्न नहुने व्यवस्था छ। उल्लङ्घन भए आम्दानी वा खर्च बराबरको जरिवाना गर्न सकिने र सो जरिवाना छ महिनासम्म नबुझाए आयोगले बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्नसक्ने प्रावधान रहेको छ।

# ६ वटामध्ये एउटा सक्कल परिचयपत्रले मतदान गर्न पाइने

काठमाडौँ, २० फागुन (रासस)।

निर्वाचनमा मतदान गर्न मतदाता परिचयपत्र वा त्यसको विकल्पमा अन्य पाँच प्रकारका कागजातका आधारमा मतदान केन्द्र प्रवेश गर्न सकिने आयोगले स्पष्ट पारेको छ।

मतदाता परिचयपत्रको सक्कल प्रति नभएमा नेपाली नागरिकता, सवारी चालक अनुमतिपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र वा जग्गा धनी प्रमाण पूर्जाको सक्कल प्रतिमध्ये कुनै एकले मतदान गर्न पाइने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो।

मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई निर्वाचन अधिकृतको कार्यालयले प्रशिक्षण दिएपछि केन्द्रमा खटिने अरु कर्मचारीलाई मतदान अधिकृतले प्रशिक्षण दिएर खटाइएको आयोगले जनाएको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका १६५ निर्वाचन क्षेत्रमा कूल दुई लाख २१ हजार कर्मचारी खटिएका छन्। सत्तर जिल्लाका १६५ निर्वाचन क्षेत्रका २३ हजार ११२ केन्द्र र समानुपातिकमा मात्र मत हाल्ने १४३ अस्थायी केन्द्रमा ती कर्मचारी खटाइएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले बताउनुभयो। उहाँका अनुसार ५०० भन्दाबढी मतदाता भएका केन्द्रमा नौ जना र ५०० भन्दा कम मतदाता भएका केन्द्रमा आठ कर्मचारी खटाउने व्यवस्था मिलाइएको छ।

जिल्ला आचारसंहिता अनुगमन समितिले आवश्यक व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २४ तथा निर्वाचन आचारसंहिता २०७९ को दफा १७ र १८ बमोजिम निषेध गरिएका कार्य हुन नदिने र कहींकतै भए गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन आयोगले भनेको छ।

मतदानको मितिभन्दा सात दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउन आयोगले निर्देशन दिएको छ। मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन (एम्बुलेन्स, दमकल, शववाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मत, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारीसाधन), कूटनीतिक निकायका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्ने गरी पास प्राप्त गरेका सवारीसाधनबाहेक अन्य सार्वजनिक तथा निजी सवारीसाधन यही फागुन २० गते राति १२:०० बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाइने भएको छ।

मतदानको दिन अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई उडान यथावत् सञ्चालनको व्यवस्था मिलाइएको छ। अन्तरराष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलदेखि घर/बसोबास गर्ने होटलसम्म र घर/बसोबास गर्ने होटलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिने व्यवस्था भएको छ।

निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०८२ अनुसार निर्वाचन मितिभन्दा ७२ घण्टाअघिदेखि सम्बन्धित जिल्लाका अन्तरराष्ट्रिय सीमा नाका बन्द गर्ने व्यवस्था मिलाउने सम्बन्धमा उपयुक्त व्यवस्था मिलाउन नेपाल सरकार, गृह मन्त्रालयलाई सिफारिस गरिएको सहायक प्रवक्ता न्यौपानेले बताउनुभयो।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि आयोगले ४१ संस्थालाई पर्यवेक्षण अनुमति प्रदान गरेको जनाएको छ। आयोगले अनुमतिप्राप्त संस्थाका करिब पाँच हजार पर्यवेक्षकका लागि परिचयपत्र जारी गरिसकेको जनाएको छ।

# पासको दुरूपयोग गर्दै अन्य व्यक्तिहरू ओसारपसार नगर्न आयोगको अनुरोध

काठमाडौँ, २० फागुन (रासस)।

निर्वाचन आयोगले सवारी पासको दुरूपयोग गर्दै सम्बन्धित व्यक्तिबाहेक अन्य व्यक्तिहरू ओसारपसार नगर्नुहुन सम्बन्धित सबैलाई अनुरोध गरेको छ।

आयोगले मंगलबार विज्ञप्ति जारी गरी भनेको छ, 'निर्वाचनको समयमा सवारी आवागमन सहजीकरणका गर्ने प्रयोजनका लागि सवारी पास आवश्यक नपर्ने गरी आवश्यक व्यवस्था मिलाउन यस पूर्व गरिएका सिफारिसहरू र यो सिफारिसबमोजिम सवारी पास आवश्यक नपर्ने गरी छुट पाएका सवारीसाधनले सम्बन्धित व्यक्तिबाहेक अन्य व्यक्तिहरू ओसारपसार नगर्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ।"

आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को मतदानको दिन (फागुन २१ गते) सवारीसाधन सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित र सेवामैत्री बनाउन सवारीसाधनको अनुमतिसम्बन्धी कार्यविधि, २०८२ को दफा ५ को खण्ड 'झ' र 'त', ऐ. कार्यविधिको दफा १५ समेतका आधारमा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट जारी गरिएको निषेधित क्षेत्र प्रवेश पास प्राप्त गरेका व्यक्तिलाई घरदेखि कार्यालय तथा कार्यालयदेखि घरसम्म जान-आउन पास आवश्यक नपर्ने व्यवस्था मिलाउन आयोगबाट नेपाल सरकारलाई सिफारिस गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीसमेत गराएको छ।

आयोगले नियमविपरीत गरे/गराइएको पाइएमा स्थानीय प्रशासनले त्यस्ता सवारीसाधनको सञ्चालनमा रोक लगाउने व्यहोरासमेत यसै विज्ञप्तिमार्फत सम्बन्धित सबैलाई जानकारी गराएको छ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*